प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, अंक-३८ ● २०७९ चैत्र २० गते सोमबार, ● 03 April 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## बागमती प्रदेशका १५ सय ८५ पत्रकारको सामूहिक दुर्घटना बीमा

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशका पत्रकारलाई सामूहिक दुर्घटना बीमा गरिदिएको छ ।

कानून र सञ्चार मन्त्रालयको समेत कार्यक्षेत्र रहेको मन्त्रालयले प्रदेशका १३ जिल्लाका १ हजार ५ सय ८५ जना पत्रकारको लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत् प्रति व्यक्ति ४ लाख रूपैयाको दुर्घटना बीमा गरिएको मन्त्रालयका शाखा अधिकृत सुरेन्द्र कार्कीले जानकारी दिए । कार्कीका अनुसार ६३ करोड ४० लाख रूपैया बराबरको बिमाङ्क रकमको बीमा गरिएको हो ।

५ चैत्रबाट लागु हुने बीमालेख अनुसार बीमीत पत्रकारको मृत्यु भएमा कुल ४ लाख रूपैया र दुर्घटना भएको खण्डमा एक लाख रूपैया बराबरको औषधि उपचार खर्च भुक्तानी दाबी लिन सकिने बीमा कम्पनीलाई उद्धृत गर्दै कार्कीले जानकारी दिए । आन्तरिक मामिला तथा कानून मन्त्री गंगा नारायण श्रेष्ठले जिम्मेवारी सम्हालेपछि पत्रकारको बीमाको काम छिटो कार्यान्वयन गर्न निर्देशन दिएपछि पत्रकाहरूको सामूहिक दुर्घटना बीमा लागू भएको हो ।

यसै गरि मन्त्री श्रेष्ठले नेपाल पत्रकार महासंघ बागमती प्रदेशलगायत अन्य ५ वटा संस्थाहरूलाई समेत पत्रकाहरूको क्षमता अभिबृद्धि गर्न सहयोग गरिएको बताए । यस अघि मन्त्री श्रेष्ठको प्रस्तावमा जंगली हात्तीले ज्यान लिएका मकवानपुरका २ जना र सिन्धुलीका १ जना मृतकको परिवारलाई प्रति परिवार एकलाख रूपैया राहत उपलब्ध गराइएको थियो ।

## हेटौंडामा राष्ट्रिय पोशाक दौरा सुरूवाल सिलाउन तालिम



◆ विकास संवाददाता

राष्ट्रिय पोशाक दौरा सुरूवाल सिलाई पुनर्ताजगी तालिम हेटौंडामा सुरू भएको छ । नेपाल कपडा तथा सिलाइ व्यावसायी संघ मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा एक हप्ते निःशुल्क दौरा सुरूवाल तालिम सुरू भएको हो ।

नेपालीको पहिचान बोकेको नेपाली पोसाक दौरा सुरूवाल लोप हुदै जान थालेकाले यसको संरक्षण तथा प्रर्वधन गर्न तालिम आयोजना गरिएको नेपाल कपडा तथा सिलाई व्यवसायी संघ मकवानपुरका अध्यक्ष मेनका श्रेष्ठले बताइन् । नागरिकलाई तालिम प्रदान गरी स्वरोजगार एवम् आत्मनिर्भर बनाउने उद्देश्यका साथ तालिम संञ्चालन गरिएको उनले बताइन । नेपाल कपडा तथा सिलाई व्यवसायी संघ मकवानपुरका अध्यक्ष मेनका श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्वर वडाका अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि रहेका सिग्देलले ब्यवसायीको सीप क्षमता वृद्धिका साथै राष्टि्रय पोशाकको समेत संरक्षण हुने यस्ता कार्यक्रमबाट व्यवसायिले धेरै भन्दा धेरै फाइदा लिन आग्रह गरेका थिए ।

प्रशिक्षक नारायण सिंह थिङ्ले प्रदान गर्ने तालिममा महिला र पुरूष गरी २० जनाको सहभागीता रहेको थियो ।

## कलंकी-मार्खु-सिम्लाङ-विसिङ्खेल खोला पर्यटन मार्ग पिच हुने

# ५० करोड बजेट विनियोजन

विकास संवाददाता
थाहानगर

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा रहेको कुलेखानी जलविद्युत् आयोजनाको जलाशयसहित आयोजना निर्माणको क्रममा निर्माण गरिएको सडकको स्तरोन्नतिसहित कालोपत्रे हुने भएको छ । कुलेखानी जलविद्युत् आयोजनाको जलाशय निर्माणसहित आयोजनाका लागि उपकरण लैजाने क्रममा ट्र्याक खोलिएको ४० वर्षभन्दा बढी भएको छ । कुन्छाल-बज्रवाराही-मार्खु-कलंकी सडकको विसिङ्खेल खोला-मार्खु-कलंकी सडक खण्डको स्तरोन्नतिसहित कालोपत्रे गरिने भएको हो ।



इन्द्रसरोवर गाउँपालिकाको सिम्लाङ-कलंकी सडक खण्ड ।
फोटोः मणीराज थापा/विकास खबरपत्रिका

थाहा नगरपालिकाको वडा नम्बर १ कुन्छाल-बज्रवाराही हुँदै इन्द्रसरोवर गाउँपालिकाको मार्खुबाट कलंकी जोड्ने सडकको स्तरोन्नतिको माग स्थानीय बासिन्दाले गर्दै आएका थिए । वि.सं. २०४६ सालको परिवर्तनपछि त्यस क्षेत्रबाट स्थानीय र केन्द्रमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि परिवर्तन भए पनि सडकको अवस्था भने सुधार भएको छैन । इन्द्रसरोवर गाउँपालिका, कलंकीबाट मार्खुहुँदै विसिङ्खेल खोलासम्मको सडक खण्ड स्तरोन्नतिसहित कालोपत्रे गर्न बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा करिब ५० करोड रूपियाँ बजेट विनियोजन गरेको छ । बजेट सुनिश्चित भएपछि बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले भरतपुरमार्फत कलंकी-मार्खु-सिम्लाङ-विसिङ्खेल खोला पर्यटन मार्ग नामकरण गर्दै सडक स्तरोन्नतिका लागि बोलपत्र आह्वान गरिएको छ ।

मानवनिर्मित जलाशय इन्द्रसरोवर र त्यस क्षेत्रको प्राकृतिक एवं ऐतिहासिक संरचनाका कारण पछिल्लो समय मार्खु-इन्द्ररोवर क्षेत्र प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्दै गएको छ । इन्द्रसरोवर गाउँपालिका-१ मा पर्ने उक्त मार्ग वर्षामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने गरेको छ । पर्यटक र स्थानीयलाई आवागमनमा असहज भएपछि वडा कार्यालयले चासो राख्दै स्तरोन्नतिका लागि लामो समयदेखि पहल गर्दै आएको थियो । सडक स्तरोन्नतिका लागि बजेट विनियोजन गर्न सङ्घ र प्रदेश सरकारमा पुग्दा विस्तृत परियोजना प्रस्ताव (डीपीआर) माग भएपछि वडा कार्यालयमार्फत पालिकाकै खर्चमा गत आर्थिक वर्षमा डीपीआर बनाएर पालिकाका वडा नंम्बर १ का निवर्तमान वडाध्यक्ष जमानसिंह लामाको अगुवाइमा प्रस्ताव पेस गरेपछि सडकको स्तरोन्नतिले सार्थकता पाएको हो ।

निवर्तमान वडाध्यक्ष लामाले पालिकाको बजेटले सडक स्तरोन्नतिको काम असम्भव हुने भएपछि बजेटका लागि प्रदेश र सङ्घीय सरकारसँग पटक-पटक आग्रह गरियो तर अन्त्यमा डीपीआर बनाउन भनेपछि एक महिनामा डीपीआर बनाएर पेस गरेपछि चालु आर्थिक वर्षमा बजेट विनियोजन सम्भव भएको जानकारी दिए । स्थानीय बासिन्दाको दशकौंदेखिको सपना पूरा भएको छ, सडक स्तरोन्नति भएपछि आवागमन र स्थानीय उत्पादन बजार पुऱ्याउन सहज हुनेछ उनले भने । सडक स्तरोन्नतिले पर्यटन प्रवर्द्धनसँगै पर्यटनमार्फत यहाँको आर्थिक जीवनस्तरमा समेत परिवर्तन ल्याउन सहयोग पुग्नेछ ।

त्रिभुवन राजपथअन्तर्गत थाहा नगरपालिकाको कुन्छालबाट बज्रवाराही, टौखेल हुँदै इन्द्रसरोवर गाउँपालिकाको मार्खु-कलंकी जोड्ने २१ किलोमिटर लम्बाइको सडक कुन्छालबाट बज्रवाराहीसम्म करिब छ किमि सडक यसअघि नै कालोपत्रे भए पनि जीर्ण भइसकेको छ । अघिल्लो आर्थिक वर्षमाविसिङ्खेल खोलादेखि मार्खु-कलंकीसम्म करिब ३६ लाख रूपियाँको लागतमा ग्राभेल गर्नेलगायत मर्मतको काम भएको थियो ।

चालु आवमा विनियोजन भएको बजेटबाट झन्डै नौ किमि सडकखण्डमा कालोपत्रे (अस्फाल्ट कङ्क्रिट) गरिने पूर्वाधार विकास कार्यालय भरतपुरले जनाएको छ । पूर्वाधार विकास कार्यालयका प्रमुख वीरेन्द्रकुमार चौधरीले सडक स्तरोन्नतिका लागि बोलपत्र आह्वान भएको र यसै आर्थिक वर्षमा निर्माण सम्झौता गरी काम सुरू हुने र सडक साढे पाँच मिटर चौडा बनाएर कालोपत्रे गरिने जानकारी दिए । उनले सडक खण्डमा पाइप र स्ल्याबका गरी ३५१ वटा साना ठूला कल्भर्ट निर्माणसँगै ढल निर्माण गर्ने योजना रहेको जानकारी दिनुभयो ।

कलंकी-मार्खु-विसिङ्खेल खोला सडकखण्ड स्तरोन्नति भएपछि छोटो दूरीको हेटौँडाबाट चित्लाङ हुँदै चन्द्रागिरीबाट काठमाडौँसम्मको यात्राका लागि सहज हुनेछ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

# अर्को वर्षको बजेटको आश

चालू आर्थिक वर्षको ९ महीना बित्न लाग्दा पनि पूँजीगत बजेटको खर्च निकै निराशाजनक देखिएको छ । प्रत्येक वर्ष दोहोरिइरहने यो प्रवृत्तिबारे सबै जानकार भए पनि त्यसमा सुधार ल्याउन ठोस र प्रभावकारी कदम चालेको देखिँदैन । त्यसैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा कार्यान्वयनयोग्य बजेट बनाउन केन्द्रित हुनुपर्ने देखिएको छ । हुन त योजना आयोगले तोकिदिएको सीमा तथा आवधिक योजनाले समेटेका कार्यक्रम तथा क्रमागत आयोजनाहरूका लागि बजेट विनियोजन गर्दा अर्थमन्त्रीले त्यसमा खासै परिवर्तन गर्न सक्ने देखिँदैन । तैपनि आयोगले दिएको सीमाभित्र रहेर विकास र प्रशासनिक खर्चमा सन्तुलन ल्याउन आवश्यक देखिन्छ । आगामी आर्थिक वर्षमा समेत राजस्वले सरकारी खर्च धान्न नसक्ने अवस्था आउने देखिन्छ किनभने राजस्वका स्रोतहरू खासै केही बढेको छैन भने सरकारी खर्च बढ्दो छ । करको दर बढाउनतिर सरकार लाग्यो भने त्यसले समस्या झनै चर्काउनेछ । अतः करको दायरा बढाउने तथा आर्थिक गतिविधि बढ्न सहयोग गरेर राजस्व संकलन बढाउने गरी नयाँ आर्थिक वर्षका लागि कार्यक्रम बनाउनुपर्ने हुन्छ ।

अहिलेको एउटा समस्या भनेको बजारमा नगद प्रवाह कम हुनु हो । अर्थात् बजारमा पैसाको अभाव हुनु हो । पैसा कहाँ हराइरहेको छ भनेर अघिल्ला अर्थमन्त्रीले खोज्न सकेनन् अर्थात् यसको समाधान गर्न सकेनन् । आगामी बजेटले यसको कारण खोजेर समाधान दिनुपर्छ । बजारमा पैसा नहुनुको कारण सरकारले आन्तरिक ऋण उठाउँदै जानु तर विकास निर्माणको कामचाहिँ करीब करीब ठप्प हुनु पनि हो । किन पूँजीगत खर्चमा यस्तो समस्या छ भनेर त्यसको व्यावहारिक समाधान दिन सक्ने कार्यक्रम आगामी बजेटमा आउनुपर्छ । अर्को, सरकारले औचित्यका आधारमा मात्रै आन्तरिक ऋण उठाउने नीति बजेटमा समेट्नु आवश्यक छ । निजीक्षेत्रले तरलता बढाएर ब्याजको दर घट्ने वातावरण बनाउन पनि माग गरेका छन् । त्यो मागको सुनुवाइ हुनुपर्छ । अहिले औद्योगिक वातावरण नबनेकाले उद्योग कलकारखाना ज्यादै कम खुलेका छन् । यसका लागि कानूनी, प्रशासनिक र अन्य सुधार त आवश्यक छ नै । बजेटमा उत्पादित माल र कच्चा पदार्थको विवादलाई सुल्झाउन पनि आवश्यक छ । सरकारले विदेशबाट आयात हुने केही मालवस्तुमा भन्दा यहाँ उत्पादन हुने वस्तुको कच्चा पदार्थ आयातमा बढी भन्सार उठाइरहेको छ । यस्तो अवस्था रहेसम्म औद्योगिक विकासले गति लिन सक्दैन । त्यसैले उद्योगीहरूले कच्चा पदार्थ आयातदेखि निर्यातसम्म विद्यमान समस्या समाधान गर्न अर्थमन्त्रीसँग आग्रह गरेका छन् । आगामी बजेटमा यो समस्याको समाधान गरिनुपर्छ ।आर्थिक विकासका लागि सरकारले निजीक्षेत्रलाई काम गर्ने वातावरण बनाइदिनुपर्छ । तर, बजेटका कार्यक्रमप्रति निजीक्षेत्रले निकै गुनासो गर्ने गरेको छ ।

सरकारले निजीक्षेत्रका गुनासालाई सम्बोधन गर्ने, निजीक्षेत्रमैत्री व्यवहार गर्ने भनेर बारम्बार आश्वस्त पारे पनि त्यसअनुसार नीति लिएको र काम गरेको भने ज्यादै कम पाइन्छ । अर्थतन्त्रको सञ्चालक नै निजीक्षेत्र भएकाले अहिले निराश बनेको निजीक्षेत्रमा उत्साह भर्ने काम आगामी बजेटले गर्नुपर्छ । आर्थिक विकासका लागि थुप्रै आधार तयार भए पनि निजीक्षेत्र उत्साही भएर लगानी नगरेसम्म यसले गति लिँदैन । त्यसैले आगामी वर्षको बजेटमा यसतर्फ ध्यान जानुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# दिगो राजस्व परिचालनको खोजी : करको संरचनामा परिवर्तन गर्न जरुरी



◆ हरिबोल काफ्ले

नेपालको ६ दशकको अर्थतन्त्रको इतिहासमा पहिलोपटक राजस्व घाटाको अवस्थामा पुगेको छ । चालू वर्षको साढे ८ महीनामा कुल रू ६.५० खर्बभन्दा बढी चालू खर्च भएको अवस्थामा राजस्वबाट जम्मा रू ६.१२ खर्ब मात्र परिचालन भएको छ । चालू वर्षको करीब १४.०३ खर्बको राजस्व लक्ष्य पनि चालू साढे ८ महीनाको समयमा ४३.५ प्रतिशत मात्र पूरा गरेको छ । यसको अर्थ अबको साढे ३ महीनामा साढे ८ महीनाको भन्दा बढी राजस्व संकलन गर्नुपर्ने स्थिति छ । अर्थात्, चालू खर्चका लागि समेत आवश्यक रकम आन्तरिक राजस्व परिचालनमार्फत जोहो गर्न नसक्नु अर्थ व्यवस्थामा आएको गम्भीर विचलन हो । भूकम्प, नाकाबन्दी, कोरोना महामारी हुँदै विश्व अर्थ व्यवस्थाको समस्याबाट निरन्तर सरकारको अर्थतन्त्रमा समस्या परिरहेको सन्दर्भमा त्यसको असर वैदशिक मुद्राको न्यून बचत हुँदै पछिल्लो समय राजस्व परिचालनमा परेको छ । राजस्वसँगै विश्व अर्थ व्यवस्थामा देखिएको विचलनले वैदेशिक सहयोग वा अनुदानमा समेत कमी आएपछि सरकार बेखर्ची हुने अवस्था आएको छ । साथै, सरकारले विकासका लागि खर्च गर्ने रकम छैन भने पुरानो ऋणको साँवा ब्याज तिर्नलाई पनि थप ऋण लिनुपर्ने अवस्था छ । एकातर्फ मुलुकमा संघीय प्रणालीको कार्यान्वयन भइसकेपछि थप बजेटको आवश्यकता बढेको छ । अर्कातर्फ बजेटमाथिको चाप अत्यधिक बढे पनि राजस्व बढ्न नसकेपछि बजेट घाटा र ऋणको दायित्व बढेको छ । यो चुनौती सम्बोधन गर्न सरकारले उत्पादनका नयाँ क्षेत्रहरूको खोजी गर्ने, राजस्वको संरचनात्मक सुधार गर्ने, चुहावट रोक्ने, दायरा विस्तार गर्ने र नागरिकको राजस्वको क्षमता वृद्धि गर्नेलगायत विकल्पमा तत्काल प्रशस्त काम गर्नुपर्ने देखिएको छ ।

सरकारको राजस्व प्रणाली आफैमा दिगो, न्यायिक र त्यसले आफ्नो आधार स्रोतको निरन्तरता कायम राख्ने प्रकृतिको हुनुपर्छ । राजस्वले चालू खर्चसमेत नधान्ने अवस्थाले आन्तरिक स्रोतको परिचालनमा सरकारसँग आवश्यक दक्षतासमेत नभएको अर्थ लाग्छ । चालू खर्च धान्न ऋणको उपयोग गर्नु सरकारको सार्वजनिक वित्त प्रणालीमा सन्तुलन नहुनु र घाटामा जानु हो जसले सरकारका लागि नै थप दीर्घकालीन व्ययभार सृजना गर्छ । आन्तरिक वा बाह्य ऋण आफैमा नराम्रो पनि होइन, तर त्यसको उपयोगिता केकसरी हुन्छ र उत्पादनशील रहन्छ भन्ने कुरामा दृष्टिगत गर्नुपर्ने हुन्छ । उदाहरणको रूपमा विवाहको पार्टीभोज गर्न ऋण लिनु र कुखुरापालन व्यवसायका लागि ऋण लिनुमा व्यापक फरक रहन्छ । अर्थात्, उत्पादनशील व्यवसायको ऋणले उत्पादकत्वसँगै व्ययभार चुक्ता गर्ने क्षमतालाई सुदृढ गर्छ । तसर्थ सरकारको कार्य तत्काल दिगो राजस्व नीति तथा संरचना र आवश्यक परेको अवस्थामा कानूनसमेत निर्माण गरी कार्यान्वयनमा जानु हो । सरकारको घाटा न्यून गर्ने उपाय भनेकै राजस्व परिचालनलाई वैज्ञानिक, पारदर्शी, न्यायिक र लगानीमैत्री बनाउँदै त्यो संरचनाको दिगो उपयोग हुने अवस्था सृजना गर्नु हो । सरकारका लागि ऋण आफैमा वैकल्पिक र अन्तिम औजार मात्र हो ।

सरकारको बजेटको मुख्य स्रोत राजस्व कर, गैरराजस्व कर, अनुदान, ऋण र अन्य वित्तीय परिपूरकका साधन हुन् । त्यसैगरी राजस्वको मुख्य स्रोत मूल्य अभिवृद्धि कर, भन्सार, आयकर, अन्तःशुल्क र अन्य आम्दानी हो । मूल्य अभिवृद्धि करको व्यवस्थापन कार्यलाई पनि प्रभावकारी बनाउन प्रशस्त सुधार गर्न सकिन्छ । लामो समय भ्याटमा समेत नेपालले एउटै प्रकृतिको दर, उपकरण र संरचना लागू गरिरहेको छ । दरसँगै निश्चित प्रकृतिका वस्तु तथा सेवा एवं कारोबारमा छूट अर्थात् थ्रेसहोल्डको विषय पनि पुनरवलोकन आवश्यक देखिएको छ । विशेषतः मूल्य अभिवृद्धि कर सामाजिक न्याय, लगानी र उत्पादन बीचको सन्तुलनमा सामञ्जस्य ल्याउने गरी बहुदर प्रणालीमा जाने र वस्तु तथा सेवाको छूटलाई पुनरवलोकन गर्नुपर्ने परिस्थिति छ । त्यसैगरी प्रभावकारी राजस्व नीति तथा व्यवस्थापनले मात्र राजस्वको परिचालनलाई सशक्त बनाउन सक्छ भन्ने ध्येयले सरकारले संरचनागत व्यवस्थापनमा समीक्षा गर्न आवश्यक छ ।

मुलुकको आत्मनिर्भरतालाई स्थायी प्रकृतिको राजस्व परिचालनले मात्र टेवा दिन सक्छ । दिगो राजस्व नीति र कानूनको उपयोगले कर तथा गैरकर राजस्व परिचालनका उद्देश्यहरू निर्देशित गर्न सक्छ जसले राजस्वको प्रक्षेपण गर्ने संयन्त्र र राजस्वसम्बन्धी कार्यविधि स्वतः मार्गनिर्देशित हुन्छ । अर्थात् राजस्व व्यवस्थापनमा आवश्यक राजस्वको मात्रासहित सार्वजनिक सेवा तथा वस्तुको आपूर्ति, सम्पत्ति तथा आयको वितरण, लगानी विस्तार, उपभोगलगायत विषय पनि परोक्ष निर्देशित गर्छ । साथै सामाजिक न्यायको सिद्धान्तबाट प्रेरित भएर नीतिले आफै आय र सम्पत्ति, रोजगारी तथा आयआर्जन गर्ने क्षमतासमेत समावेश गर्छ । तर, नेपाल सरकारको हकमा राजस्व तथा स्रोतको प्रक्षेपण प्रभावकारी हुन सकेको छैन जसले गर्दा सरकारले प्रक्षेपण गरेभन्दा कम राजस्व परिचालन हुने वा विचलन धेरै देखिने गरेको छ । तसर्थ बजेटसँगै सरकारले राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउन अध्ययन तथा अनुसन्धानको आधारमा दिगो राजस्व परिचालनको ध्येयले राजस्व नीति र नयाँ कानून बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

राजस्वको दर, दायरा, सहभागिताको दर र करछलीजस्ता विषय एकअर्कासँग अन्तर्सम्बद्ध हुन् । राजस्व नागरिकको क्षमताको आधारमा असुल गर्नुपर्छ भने गैरकर राजस्वहरू सरकारका निकायहरूले प्रदान गर्ने सेवाको चरित्र, मात्रा र लागतको आधारमा असुल गर्नुपर्छ । त्यसैगरी राजस्व प्रशासनले राजस्व परिचालनको अंक छुने लक्ष्य मात्र पूरा गर्ने अभीष्ट राख्नु हुँदैन । राजस्व प्रशासन कठोर बनेको अवस्थामा दायरा एवं सहभागितामा संकुचन आउने र करछलीको मात्रा बढेर जाने अवस्था आउँछ । तसर्थ राजस्व नीतिमा नै स्थिरता दिने नियतले दायरा र सहभागिताको वृद्धि, करछलीलाई न्यूनीकरण र आदर्शतम रूपमा राजस्वको दर निर्धारण हुने सुनिश्चितता दिनुपर्छ । राजस्वको लक्ष्य प्रशासनको क्षमता, राजस्वको सम्भाव्यता एवं कर दाताको वास्तविक क्षमताभन्दा बढी भएमा अप्राकृतिक करको भार बढ्छ भने व्यवस्थाप्रति नागरिकको वितृष्णा र कर छली बढ्छ । साथै राजस्वको लक्ष्य कम भएमा पनि आवश्यक स्रोत परिचालन हुन नसक्ने परिस्थिति खडा हुन्छ । तसर्थ राजस्व नीतिले राजस्वको दर, दायरा, सहभागिताको दर र आर्थिक अवस्थालाई सही ढंगले उपयोग गर्ने अभिप्राय राख्नुपर्छ ।

राजस्व प्रणालीलाई वैज्ञानिक बनाउन राजस्व नीतिमा नै करको आधारको विस्तृत व्याख्या, करको दर निर्धारणको प्रक्रिया, कर संकलन पद्धति र कर प्रशासनको व्यवस्थापनका विषयहरू सम्बोधन गर्नुपर्ने हुन्छ । साथै राजस्व नीतिको अवधारणासँगै सामाजिक न्याय र नागरिकको सेवासुविधामा ख्याल नगर्ने हो भने राजस्व नीति आफैमा प्रत्युत्पादक हुन्छ र त्यो दिगो पनि हुँदैन । तसर्थ सरकारले नीतिगत, प्रणालीगत र प्रक्रियागत सुधारमा समेत संवेदनशील भएर नागरिकको अपेक्षा बुझ्न सक्नुपर्छ । साथै करको आधारको विस्तारलाई उत्पादनशीलता, आय आर्जन वृद्धि, सामाजिक सुरक्षणसँग जोड्नु आवश्यक छ । उत्पादन वृद्धिका लागि उत्पादनका नयाँ क्षेत्रहरूको खोजी, लगानीमा प्रोत्साहन, निजीक्षेत्रको विश्वास तथा वित्तीय एवं आर्थिक प्रणालीको पूरक हुने गरी राजस्व नीति सापेक्ष हुनु आवश्यक छ । त्यसैगरी गैरकर राजस्वतर्फ समेत शुल्क र दस्तुरहरूका दरको सम्बन्धमा सापेक्ष रूपमा नियमित पुनरवलोकन गर्ने र लागतअनुसार समायोजन भइरहने व्यवस्था गर्नु आवश्यक हुन्छ ।

दिगो र स्थिर राजस्व नीति नै सबल अर्थतन्त्र र अर्थ व्यवस्थाको जग हो । दिगो र स्थिर राजस्व परिचालनले मात्र अर्थ व्यवस्थासँगै बजार, पूर्वाधारको विकास, जनताको अपेक्षासँगै सीमान्तकृत, महिला, बालबालिका र ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाको सुनिश्चितता गर्न सकिन्छ । असल राजस्व नीतिले नै बचत, उपभोग एवं वित्तीय औजारहरू र वित्तीय व्यवस्थाको सुदृढीकरणको सुनिश्चितता गर्छ । साथै प्रभावकारी राजस्व नीतिले आर्थिक लोकतन्त्रलाई बलियो बनाउँदै लैजान्छ भने सरकारप्रति नागरिकको विश्वास बढ्छ । राजस्वको परिचालनका सम्बन्धमा समस्या आएपछि समाधानका उपायहरू खोज्ने र हल गर्ने प्रवृत्ति अर्थतन्त्रको स्थायित्वका लागि बाधक हो । तसर्थ नयाँ राजस्व परिचालन संरचनाको औचित्य पुष्टि हुने गरी राजनीतिक दलहरूले समेत आफ्नो दर्शनअनुसार दिगो नीतिको पक्षपोषण हुने गरी सिद्धान्तलाई परिष्कृत बनाउन आवश्यक छ । अमेरिकालगायत विकसित अर्थतन्त्रमा

*बाँकी पृष्ठ ३ मा*

# जनैखटिरा किन आउँछ ?

चलनचल्तीमा जनैखटिरा भनिए पनि यसलाई चिकित्सकीय भाषामा 'हर्पस जोस्टर' भनिन्छ । पहिले पहिले जनैखटिरालाई लिएर समाजमा एउटा भ्रम थियो, यस्तो खटिरा जनै फोहोर भएर आउँछ भन्ने । त्यही कारण जनै पोलेर त्यसको खरानी लगाउने गरिन्थ्यो ।

जनैखटिरा आउँदा धामीकहाँ झार फुक गर्न धाउनेहरू पनि थिए । तर जनै खटिराको वास्तविकता अर्कै छ ।



## किन आउँछ जनैखटिरा ?

यदि कुनै व्यक्तिलाई सानो छँदा ठेउला आएको छ भने पछि वयस्क हुँदा उनीहरूलाई जनै खटिरा आउन सक्छ । किनभने जुन भाइरसले ठेउलाको समस्या हुन्छ, ठेउला निको भइसक्दा पनि उक्त भाइरस पूर्ण रूपले नष्ट भएको हुँदैन ।

वयस्क उमेरमा जब मान्छेलाई चिन्ता, तनाव, धपेडी हुन्छ र शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, तब उक्त भाइरस सक्रिय हुन्छ । अनि भाइरस छालाको सतहमा आउँछ । यसले गर्दा छालामा स-साना बिमिरा आउने, पानीको फोका जस्तो बन्ने र फुट्ने हुन्छ । यो एक ठाउँबाट क्रमशः फैलिँदै अन्यत्र पुग्छ । यदि समयमा नै उपचार भएन भने शरीरभर यस्तो खटिरा देखा पर्छ ।

## कसरी थाहा हुन्छ ?

छालाको अन्य खटिरासँग जनै खटिरा पनि करिब मिल्दो देखिन्छ । सुरुमा छालामा स-साना बिमिरा आउने, पानीको फोका जस्तो हुने, चिलाउने, पोल्ने गर्न थाल्छ । यस्तो खटिराको कारण अत्यधिक दुखाइ हुन्छ र फैलिँदै जाँदा ज्वरो पनि आउन सक्छ ।

मान्छे सामान्य छ भने शरीरको आंशिक भागमा मात्र आउँछ । यदि उनीहरूमा टीबी, क्यान्सर वा अन्य दीर्घरोग छ भने शरीरमा यस्तो खटिरा चाँडै फैलिन्छ र निकै नै दुःख दिन्छ । दीर्घरोग भएकाहरूलाई घाउ निको भए पनि त्यस ठाउँमा पछिसम्म दुख्ने, पोल्ने हुन्छ ।

## के छ त उपचार ?

छालामा खटिरा देखा पर्नासाथ छालारोग विशेषज्ञसँग भेट्नु उपयुक्त हुन्छ । उक्त खटिरा के हो ? जनै खटिरा हो वा होइन भन्ने कुरा पहिचान गर्नुपर्छ । यदि जनै खटिरा हो भने त्यसको लक्षण देखिएको तीन दिनभित्र नै एन्टिभाइरल औषधि चलाउनुपर्छ ।

खटिरा आउने बित्तिकै फैलिन थाल्छ, त्यसलाई रोक्न छिटो एन्टिभाइरल औषधि दिनु अति आवश्यक हुन्छ । शरीरको कुन भागमा खटिरा आएको हो सोही अनुसार औषधि लगाउनुपर्छ । शरीरका जुन अंगमा बिमिरा आएको छ सोही अनुसार चिकित्सकलाई देखाएर औषधि उपचार गर्नुपर्छ ।

## जनैखटिरा बिग्रिएर देखिने जटिलता

औषधि उपचार नभएर जनै खटिरा बिग्रिन सक्छ । परिणामस्वरूप शरीरभरि घाउ आउने, पाक्ने, नसुक्ने र निको नहुने हुन्छ । जीवाणु संक्रमण हुने र भित्री अंगहरू पनि विस्तारै असर गर्न सक्छ ।

## खानेकुरा बार्नुपर्दैन

जनैखटिरा आउँदा धेरैले खानेकुरा बार्ने गर्छन् । शरीर कमजोर भएका कारण जनैखटिरा आउने हुँदा शरीरलाई शक्ति प्रदान गर्न माछा, मासु, गेडागुडी, दूध, दाल, लसुन, फलफूल, हरियो सागपातलगायत खानेकुरा समावेश गर्नुपर्छ । कुनै पनि खानेकुरा बार्नु पर्दैन ।

# दिगो राजस्व . . .

निर्वाचनको समयमा पार्टीहरूको सबैभन्दा ठूलो एजेन्डा करको विषय बन्छ भने नेपालमा यस्तो विषय एजेन्डाको रूपमा प्रस्तुत नै हुँदैनन् । यसको अर्थ राजनीतिक दलहरूले समेत राजस्व तथा कर नीतिलाई दिगो बनाउँदै अर्थतन्त्र तथा आर्थिक लोकतन्त्र समृद्ध गर्ने औजारको रूपमा उपयोग गर्ने ध्येय राख्नु आवश्यक छ ।

सरकारले पनि राजस्व परिचालन पद्धतिमा देखिएका कमजोरीहरू हटाउँदै राजस्व व्यवस्थापनलाई वैज्ञानिक बनाउन राजस्वको आधार, दर, ढाँचा, विधि र विषयहरू समेटेर दिगो नीतिको पक्षपोषण गर्नु आवश्यक छ ।

*(लेखकः आर्थिक विकास तथा अनुसन्धान केन्द्र (नारेक) नेपालका निर्देशक हुन् ।)*

# कसलाई हुन सक्छ छारे रोग ?

मस्तिष्कमा करोडौं नसा हुन्छन् । ती नसाहरूमा 'इलेक्ट्रिक डिस्चार्ज' पैदा भइरहेको हुन्छ । छारे रोग भनेको मस्तिष्कबाट पैदा हुने चीज हो । जहाँ मस्तिष्कको नसा चाहिने भन्दा बढी चल्छ एक किसिमको 'करेन्ट' प्रवाह हुन्छ ।

'जसको दिमाग छ, त्यो व्यक्तिलाई छारे हुन सक्छ' किनकि यो दिमागबाट उत्पन्न हुने विकार हो । मान्छेको जन्मदेखि अन्तिम अवस्थासम्म पनि छारे हुन सक्ने नेसनल न्युरो सेन्टरका वरिष्ठ न्युरोलोजिस्ट डा. लेखजंग थापा बताउँछन् । बच्चाको दिमागमा अक्सिजन नपुग्ने, चोट लाग्ने, दिमागमा जुकाको कारण हुने संक्रमण, वंशाणुगत कारण र ट्युमर लगायत कारणले छारे रोग लाग्न सक्छ । तर यो रोग लागेको लागेको २० देखि ३० प्रतिशतमा केही कारण नभेटिन पनि सक्ने डा. थापा बताउँछन् । '१२ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहलाई यसले बढी सताउँछ,' उनी भन्छन् ।

## लक्षण वा संकेत

दिमागको नसामा अत्यधिक इलेक्ट्रिक डिस्चार्ज हुँदा बाहिरी लक्षण देखिन्छ । छारे रोग लागेका व्यक्ति ढलेर हातखुट्टा फाल्ने, दाँत किट्ने, मुखबाट गाज निकाल्ने, कपडामा पिसाब फेर्ने जस्ता लक्षण तथा संकेत देखिन्छ । 'कहिलेकाहीं हामी बच्चालाई टोलाइरहेको देख्छौं, त्यो पनि छारे रोगको लक्षण हो,' डा. थापा भन्छन् ।

## छारे रोगको कारण

दिमागमा धेरै भाग हुन्छन् । तीमध्ये कुनै भागको सहायताले हामी देख्छौं, कुनैको सहायताले बोल्छौं, कुनै भागले सोच्छौं । अनि कुनै भागको सहायताले हातखुट्टा चलाउँछौं । दिमागको जुन भागको नसामा छारे रोगको असर पर्छ त्यही भागमा लक्षण देखिने डा. थापा बताउँछन् ।

'जस्तै, हातखुट्टाको नसामा छारेको असर पर्दा हातखुट्टा झट्कार्ने र ढल्ने समस्या देखिन्छ,' उनी भन्छन्, 'आँखाको नसाबाट छारे रोग भयो भने आँखामा झिल्का आउने हुन्छ । याद आउने नसामा छारे भयो भने भुल्ने र टोलाउने लक्षण देखिन्छ ।'

## यस्तो अवस्थामा के गर्ने त ?

छारे रोगको समस्या भएको मान्छेले त्यसलाई नियन्त्रण गर्न सक्दैनन् । विशेषगरी ढल्ने छारेमा त झन् आफूलाई सम्हाल्न सक्दैनन् । त्यस्तो अवस्थामा वरपरको व्यक्तिले उसलाई सम्हाल्नुपर्ने हुन्छ । त्यसैले छारेको बारेमा सबैले बुझ्न जरूरी भएको डा. थापा बताउँछन् ।

'छारे भएर वरपर कोही व्यक्ति ढलेको छ भने उसको वरपर भएको चोट लाग्ने चीजलाई हटाइदिनुपर्छ,' उनी भन्छन्, 'टाउकोमा नरम सिरानी छैन भने नरम ज्याकेट पट्याएर राखिदिनुपर्छ । जसले गर्दा टाउकोमा चोट लाग्न पाउँदैन ।'

हातखुट्टा झट्कारेको बेलामा हातखुट्टा बेस्सरी समात्नु हुँदैन, त्यसो गर्दा हातखुट्टामा उल्टै चोट लाग्न सक्छ । त्यसैले यस्तो अवस्थामा हातखुट्टामा बेस्सरी समात्न नहुने थापा सुझाउँछन् ।

'यस्तो बेला पानी खुवाउने गरेको पनि पाइन्छ, पानी तथा अन्य खानेकुरा पनि मुखमा राखिदिनु हुँदैन सर्किन सक्छ,' डा. थापा भन्छन्, 'यस्तो बेला दाँत किट्दा चम्चा राखिदिने चलन पनि हुन्छ । यस्तो गर्दा झन् चोट लाग्न सक्छ, त्यसैले दाँतमा पनि चम्चा राखिदिनु हुँदैन ।'

कसिलो सर्ट लगाएको छ भने खोलिदिनुपर्छ, जसकारण उक्त व्यक्तिले अक्सिजन पाओस् । ढलेको व्यक्तिको अघि भीडभाड गर्दा पनि उसलाई अक्सिजनको कमी हुन सक्छ, त्यसैले बिरामीको अगाडि धेरै भीड गर्न नहुने डा. थापा सुझाउँछन् ।

'छारे लागेको बेला उसले लुगामा पिसाब गरेको छ वा उसको लुगा मिलेको छैन भने त्यसलाई कपडाले छोप्छ । यसो गर्दा सञ्चो भएपछि उसलाई त्यो कुराले लाज हुँदैन,' उनी भन्छन्, 'छारेको झट्का रोकिएपछि बायाँ तथा दायाँपट्टि कोल्टो बनाएर राखिदिनुपर्छ । यसो गर्दा मुखको र्‍याल बाहिर आउँछ र सर्किँदैन ।'

## मोजा सुँघाउनु उपचार होइन

'साधारण रुघा लाग्दा औषधि खाएपनि सात दिनमा निको हुन्छ, नखाएपनि सात दिनमा निको हुन्छ,' डा. थापा भन्छन्, 'त्यस्तै छारे आउँदा मोजा सुँघाएपनि दुईदेखि पाँच मिनेटमा निको हुन्छ र नसुँघाए पनि । त्यसैले मोजा सुँघाएर निको हुन्छ भन्नु पुरातन धारणा मात्र हो, यसमा कुनै वैज्ञानिक आधार छैन ।'

## छारे रोगको उपचार

सबैभन्दा पहिले त औषधिबाटै छारे रोगको उपचार गरिन्छ । औषधिको सेवनले पनि निको भएन भने शल्यक्रियामार्फत पनि उपचार गरिन्छ । शल्यक्रिया गर्नुअघि 'ईईजी', 'एमआरआई' गरेर शल्यक्रिया गर्न मिल्छ कि मिल्दैन भनेर सल्लाह गरेर मात्र शल्यक्रिया गर्ने सल्लाह दिइने डा. थापा बताउँछन् ।

'यसको उपचारमा परामर्श एकदमै जरूरी हुन्छ । किनकि कहिलेकाहीं मानसिक समस्यामा पनि छारे जस्तै देखिने लक्षण देखिन्छ । त्यसैले यस्तो अवस्थामा मानसिक परामर्शको पनि जरूरी हुन्छ,' उनी भन्छन्, 'यसरी औषधि, परामर्श र शल्यक्रिया तीनवटा तरिकाबाट छारेको उपचार हुन्छ ।'

## छारे रोग लाग्नै नदिन के गर्ने ?

कुनै पनि रोग लागेपछि उपचार गर्नुभन्दा लाग्नै नदिनु राम्रो हो । त्यसैले छारेबाट बच्न निम्न कुरामा ध्यान दिन सकिने डा. थापा सुझाउँछन् ।

- गर्भ अवस्थामा र बच्चा जन्मिने बेला विशेष ध्यान दिनुपर्छ । यस्तो बेला समस्या भयो भने बच्चाको दिमागमा चोट लाग्छ र छारे हुन सक्छ । त्यसैले बच्चा जन्माउने बेला अस्पतालमा विशेषज्ञको सहयोग लिंदा यसबाट बच्न सकिन्छ ।
- रक्सीको सेवनले पनि छारे हुन सक्छ । त्यसैले रक्सी सेवन नगरेर यसबाट बच्न सकिन्छ ।
- सवारी साधन चलाउँदा सावधानीपूर्वक चलाउने, बाइक चलाउँदा हेलमेट लगाएर मात्र चलाउने यसो गर्दा टाउकोमा चोट लाग्नबाट बचिन्छ र छारेबाट पनि बच्न सकिन्छ ।






# एसइई परीक्षा सभ्य अनुशासित बनाउन थाहाको जनकल्याणमा सर्वपक्षिय छलफल

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको जनकल्याण र मत्स्यनारायण मावि परीक्षा केन्द्रमा १७ चैत्रबाट शुरू हुने एसइई परीक्षाको तयारीको विषयमा छलफल भएको छ । परीक्षा केन्द्रको व्यवस्थापकीय तयारी स्वरूप १६ चैत्रमा जनकल्याण माविमा बैठक भएको हो । १७ चैत्रबाट देशभर एसइर्य परीक्षा हुँदैछ ।

छलफल कार्यक्रममा जनकल्याण मावि परीक्षाकेन्द्रका केन्द्राध्यक्ष सानोभाइ कार्कीले परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सबैको सहयोग अपरिहार्य हुने बताए । कार्कीले परीक्षालाई सभ्य एवं अनुशासित बनाउन सुरक्षाकर्मी परिचालन हुने प्रबन्ध मिलाइएको र परीक्षामा कुनै अमर्यादित गतिविधि हुन नदिन सबैलाई अनुरोध गरे । जनकल्याण मावि परीक्षाकेन्द्रबाट २ सय २६ जना विद्यार्थी र मत्स्यनारायण माबी परीक्षाकेन्द्रबाट १ सय २४ विद्यार्थीले परीक्षामा सहभागी जनाउदै छन भने बज्रवाराही मावि परीक्षा केन्द्रबाट २ सय ११ विद्यार्थीले पी्क्षामा सहभागिता जनाउदै छन ।



जनकल्याण मावि परीक्षा केन्द्रका केन्द्राध्यक्ष सानोभाइ कार्कीको अध्यक्षतामा बसेको सर्वपक्षीय छलफल कार्यक्रममा मत्स्यनारायण परिक्षाकेन्द्रका केन्द्राध्यक्ष बिष्णुहरी ढकाल, थाहा नगरपालिका शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, ईलाका प्रहरी कार्यालय पालुङ्का प्रमुख दुर्गा खनाल, विद्यालय व्यवस्थापन समिती मत्स्यनारायणका अध्यक्ष नवराज बिष्ट, जनकल्याणका विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजिव कुमार स्याङ्तान, संचारकर्मी शम्भु अधिकारीलगायत परीक्षामा सहभागी हुने विद्यालयका प्रतिनिधि शिक्षकहरूको सहभागिता रहेको थियो ।

परीक्षामा भिमफेदी गाउँपालिका, कैलाश गाउँपालिका र थाहानगरका विद्यार्थी सहभागी हुने छन भने बज्रबाराही परिक्षाकेन्द्रमा इन्द्रसरोवर र थाहाका विद्यालयको सहभागीता रहने छ त्यस्तै बज्रबाराही माबिको परीक्षा केन्द्र भने इन्द्रसरोवर मार्खुमा रहेको सरस्वती बालबोधनीमा रहेको बज्रवाराही माबिका केन्द्राध्यक्ष रमेशमान डंगोलले जानकारी दिए ।

जिल्लाका १ सय सामुदायिक र ३८ वटा संस्थागत गरी १ सय ३८ वटा विद्यालयमा १० कक्षामा अध्ययनरत बिद्यार्थीहरूले एसईईका परीक्षा आवेदन फराम भरेका छन् । गत वर्षको तुलनामा मकवानपुरबाट एसईईको परीक्षा आवेदन फराम भर्ने परीक्षार्थीको संख्या यसवर्ष करिब एक हजार जना घटेका छन् । एसईईको लागि जिल्लामा २५ केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

# थाहानगरको ९ नम्बर वडामा नि:शुल्क पशु स्वास्थ्य शिविर, किसानहरुमा खुशी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा पशुवस्तुका लागि नि:शुल्क स्वास्थ्य शिविर भएको छ । थाहा नगरपालिका वडा नम्बर ९ मा १९ चैतमा भएको शिविरमा १ सय १४ परिवार किसानले पालेको १ हजार ९ सय ७० पशुवस्तुको परीक्षण तथा औषधि वितरण गरिएको हो ।

शिविरमा ३७ वटा भैसी, गाई ३३, बाख्रा ९ सय ६०, बंगुर ८, कुकुर ४५, कुखुरा ८ सय ८७ वटाको नि:शुल्क स्वास्थ्य परीक्षण र आवश्यक औषधि समेत वितरण गरिएको पशु स्वास्थ्य प्राविधिक मनिषा मगरले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षण र उपचारका लागि ल्याएका थिए । वडा नम्बर ९ को नारायणहिटीमा भएको शिविरमा ल्याएका




पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, मनिषा मगर, विज्ञान भट्टराई, प्रकाश पाखिन र नुतन मिश्रले स्वास्थ्य परीक्षण गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए । घर छेवैमा नगरपालिकाले पशुवस्तुहरूका लागि शिविर आयोजना भएकोमा स्थानीय किसानहरू खुशी भएका थिए ।

# जिसस मकवानपुरबाट बागमती गाउँपालिका अनुगमन

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले १४ चैत्रमा बागमती गाउँपालिको अनुगमन गरेको छ । जिससको दोस्रो चौमासिक अनुगमन अन्तरगत स्थानीय तहहरूको वार्षिक योजना प्रगति, आर्थिक सामाजिक, पुर्वाधारलगायतको प्रगति, सुशासनको अवस्था, समन्वय तथा सहजीकरणलगायत क्षेत्रमा भए/गरेका कार्यहरूको नियमित अनुगमन गर्ने क्रममा १४ चैत्रमा बागमती गाउँपालिकाको अनुगमन गरेको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको नेतृत्वमा गएको अनुगमन टोलीले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृतलगायत संग हालसम्मको समग्र प्रगतिको अवस्थाका विषयमा जानकारी लिनुका साथै आयोजनाको स्थलगत अनुगकन गर्नु भएको थियो ।




अनुगमन टोलीलाई गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फनिन्द्र कुमार तिमल्सिना, प्रमुख प्रशासकिय अधिकृत झम्कनारायण घलानले गाउँपालिकाले हालसम्म गरेका कामहरूको बारेमा जानकारी गराएका थिए ।

त्यस्तै जिल्ला शिक्षा समितिका अध्यक्ष समेत रहनु भएका जिसस प्रमुख घलानसहित अनुगमन टोलीले बागमती गाउँपालिका-१ माझगाउँ स्थित सूर्य माविमा सञ्चालित वार्षिक परीक्षाको समेत अनुगमन गरेका थिए । अनुगमन टोलीमा जिसस सदस्यहरू विष्णुमाया थपलिया, तारा ढुंगाना, समन्वय अधिकारी बासुदेव खतिवडा, नायबसुब्बा उपेन्द्रनाथ पोखरेललगायतको सहभागिता थियो ।

# नि:शुल्क पशु स्वास्थ्य शिविरमा २ हजार बढिको उचार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको आयोजनामा नि:शुल्क पशु स्वास्थ्य शिविर भएको छ । थाहा नगरपालिका वडा नम्बर ७ मा भएको शिविरमा १ सय २ कृषक परिवारले पालेको २ हजार ३ सय ४७ वटा पशुवीतुको परीक्षण तथा औषधि वितरण गरिएको छ ।

शिविरमा गाई तथा गोरू १० वटा, भैसी तथा राँगा १५ वटा, बाख्रा तथा बोका १ हजार ५८० वटा, कुकुर २१ वटा, कुखुरा ७ सय २१ को नि:शुल्क परीक्षण र आवश्यक औषधि समेत वितरण गरिएको पशु स्वास्थ्य प्राविधिक मनिषा मगरले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षण र उपचारका लागि ल्याएका थिए । डाँडाबास भट्टिडाँडामा भएको शिविरमा ल्याएका पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, मनिषा मगर, प्रकाश पाखिन, विकेश कार्की तथा वडाका पशु प्राविधिक रोशन गर्तौलाले गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए ।






# थाहानगरका किशोरीलाई जीवन उपायोगी तालिम



◆ विकास संवाददाता

थाहानगरको विकास घरमा किशोरी समुहको लागि चार दिने प्रजनन स्वास्थ्य, महिनावारी, लैङ्गिक हिंसा तथा पोषण सम्बन्धी दिइएको छ । थाहा नगरपालिकाको महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक शाखाको आयोजनामा तालिम भएको हो ।

किशोरीलाई यस किसिमको तालिमले बालविवाहलाई न्यूनीकरण, यौन तथा प्रजनन स्वास्थ्यलगायतका क्षेत्रमा जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले बताइन् । थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष अध्यक्ष हिरेन्द्र रायमाझीले तालिमले प्रत्यक्ष रूपमा शिक्षा दिदै जीवनोपयोगी सीप प्रदान गरी समूहमा आवद्द गराई विभिन्न गतिविधिमा संलग्न गराएको खण्डमा पनि व्यवहारिक ज्ञान प्राप्त गरी जीवनको बाटो पहिल्याउन सक्ने बताए ।

थाहा नगरपालिका सामाजिक विकास संयोजक दिनेश बलको प्रमुख आतिथ्यतामा शुरू गरिएको तालिम उद्घाटन कार्यक्रममा सामाजिक विकास सदस्य पवित्रा सिंह ठकुरी, कार्यपालिका सदस्य जनक बिक, चन्द्रमाया थिङ, लालीगुराँस महिला बहुउद्देश्यीय सहकारीकी अध्यक्ष रिता प्रधान, नानिछोरी प्रधान, रेनुका प्रधान पत्रकार शम्भु अधिकारीको उपस्थिति रहेको थियो ।

नगरका ३० जना किशोरीहरूको सहभागिता रहेको तालिममा प्रजनन स्वास्थ्य र महिनावारी तथा पोषण विषयमा प्राथमिक स्वास्थ्य केन्द्र पालुङ्का प्रमुख डाक्टर शक्ति चौरासिया र स्वास्थ्यकर्मी चन्द्रदिप भुजेलले सहजीकरण गरेका थिए ।

# *थाहानगरको बाल विकास निर्देशन समिति पुनर्गठन*

◆ विकास संवाददाता

थाहा नगरपालिकामा प्रारम्भिक बाल विकास निर्देशन समिति पुनर्गठन गरिएको छ । प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र एकीकृत ग्रामीण विकास सेवा मकवानपुरको सहकार्यमा सञ्चालित बाल सपना परियोजनाअन्तर्गत् १३ चैतमा सम्पन्न एक कार्यक्रममा बाल विकास निर्देशन समिति पुनर्गठन गरिएको हो ।

समितिको अध्यक्षमा नगर प्रमुख विष्णुबहादुर विष्ट रहेका छन् भने सदस्य सचिब प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे रहेका छन् । सदस्यहरूमा नगर उपप्रमुख भरत गोपाली, कार्यपालिका सदस्य पवित्रा ठकुरी, शिक्षा शाखा प्रमुख माधवविक्रम मल्ल, सामाजिक शाखा प्रमुख अनिल लामिछाने, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान र बाल मैत्री स्थानीय शासन सहजकर्ता कुमार नेगी रहेका छन् । एकीकृत ग्रामीण विकास सेवा मकवानपुर को प्रतिनिधिलाई समिति सदस्यमा मनोनित गरिएको छ । नगर प्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा बसेको निर्देशक समितिको बैठकले थाहा नगर पालिकाको एकीकृत प्रारम्भिक बालविकास रणनीतिको मस्यौदालाई कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरेको सदस्य सचिब प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले जानकारी दिए । मस्यौदाको अन्तिम रूप दिन शिक्षा शाखा प्रमुख माधवविक्रम मल्लको संयोजकत्वमा मेघराज बलामी, अनिल लामिछाने, कुमार नेगी, प्रतिमा मोक्तान र सुरजकुमार भुजेल सदस्य रहेको टिम बनाइएको छ ।

कार्यक्रममा एकीकृत ग्रामीण विकास सेवा मकवानपुरका सचिब मिनराज पौडेल, कार्यक्रम संयोजक संजिवकुमार जोशी, सामाजिक परिचालक मनिता कार्की, गंगा सापकोटा समेतको सहभागिता रहेको थियो ।

# इन्द्रसरोवरकी महिलाद्वारा आत्मदाहको प्रयास

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडानम्बर-४ छापमा एक महिलाले आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेकी छन् । स्थानीय ३३ वर्षीया सुमिना डिमडुङले घरयासी विवादको कारण आफ्नै शरीरमा आगो लगाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीका अनुसार सुमिनाले घरमा राखिएको एक बोतल डिजेल आफ्नो शरीरमा खन्याई आगो लगाएकी थिइन् । घाइते उनको अवस्थामा अहिले मध्यम रहेको र उनलाई उपचारको लागि कीर्तिपुर अस्पताल काठमाडौंतर्फ पठाएको प्रहरी नायवउपरीक्षक कार्कीले बताए । घाइते डिमडुङले सामान्य कुराकानी गर्न थालेको डिएसपी कार्कीले जानकारी दिए । पछिल्लो समय आफ्नै शरीरमा आगो लगाई आत्मदाहको प्रयास गर्ने क्रम बढ्दै गएको छ ।

आर्थिक समस्या र परिवारिक झगडाले आत्महत्या गर्नेहरू पनि बढेको तथ्यांकले देखाउँछ ।

# थाहानगरको मोरियामा निःशुल्क पशु स्वास्थ्य शिविर, ३ हजार बढिको उचार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको आयोजनामा निःशुल्क पशु स्वास्थ्य शिविर भएको छ । पालिकाको पशु विकास शाखाको आयोजनामा थाहा नगरपालिका वडा नम्बर ८ को मोरियास्थित पिपल चौतारा र देवी स्थानमा शिविर भएको हो ।

दुई स्थानमा भएको शिविरमा गाई तथा गोरू ८९ वटा, भैसी तथा राँगा १ सय ४४ वटा, बाख्रा तथा बोका १ हजार ६९७ वटा, कुकुर ५० वटा, कुखुरा १ हजार ९४ वटाको निःशुल्प परीक्षण र आवश्यक औषधि समेत वितरण गरिएको पशु स्वासथ्य प्राविधिक मनिषा मगरले जानकारी दिइन् । किसानहरूले पालेको पशुपंक्षी शिविरमा स्वास्थ्य परीक्षणका ल्याएका थिए । पशुपंक्षीको प्राविधिकहरू राघवेन्द्र मिश्र, मनिषा मगर, प्रकाश पाख्रिन, विकेश कार्की तथा वडाका पशु प्राविधिक रोशन गर्तौलाले गरेका थिए ।

यस किसिमको शिवर अन्य वडामा पनि आयोजना गरिने पशु विकास अधिकृत राघवेन्द्र मिश्रले जानकारी दिए ।

# 'पालिकाको न्याय सम्पादनमा राजनीति पुर्वाग्रह नराख्नू-नगर प्रमुख विष्ट



◆ विकास संवाददाता

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले न्याय सम्पादनमा राजनीति पुर्वाग्रह नराख्न आग्रह गरेका छन् । सामान्य विवाद गाउँस्तरमै मिलाउन सकिए न्यायिक समितिमा आइरहन नपर्ने बताउँदे मेलमिलापकर्ताले गाउँ र टोलमा हुने सामान्य विवाद मिलाउन आग्रह गरेका छन् ।

थाहा नगरपालिकाको आयोजनामा भएको न्यायिक समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि आयोजित तीनदिने पुनर्ताजगी तालिम समापन समारोहमा नगर प्रमुख विष्टले यस्तो बताएका हुन् । नगर प्रमुख विष्टले मेलमिलापकर्ता मार्फत् विवादको निरूपण गरिए न्यायिक समिति र अदालतमा जाँदा हुने सर्वसाधारणको खर्च समेत जोगिने दाबी गरे । घरझगडा, साँध सिमाना, जग्गालगायतका सामान्य विवादमा मेलमिलाकर्ताले सहजीकरण गर्न सुझाए ।

थाहानगरको थानाबजार स्थित गंगा होटलमा १७ चैतदेखि शुरू भएको तालिम १९ चैतमा समापन भएको हो । तालिममा प्रत्येक वडाका सुचिकृत मेलमिलापकर्ताको समेत सहभागिता थियो । तालिम समापन कार्यक्रममा थाहानगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक भरत गोपालीले सर्वसाधारणको न्यायमा सहज पहुँचका लागि तालिम फलदायी हुने विश्वास व्यक्त गरे । स्थानीयस्तरमा हुने सामान्य विवाद समाधानका लागि मेलमिलापकर्ताहरूको भूमिका महत्वपूर्ण हुने गोपालीको भनाइ थियो । तालिममा थाहा नगरपालिकाका न्यायिक समितीका पदाअधिकारीहरू, नगर कार्यपालिका सदस्य एवं समितिलाई सहयोग गर्ने वडा मेलमिलापकर्ता र वडा अध्यक्षहरूको सहभागिता थियो ।

तालिममा न्यायिक समितिको काम, कर्तव्य, अधिकारको बारेमा स्पष्ट हुन, फैसलामा आउने कठिनाई न्युनिकरण, न्यायिक समितीमा पर्ने उजुरीको फैसला गर्दा ध्यान दिनुपर्ने विषयहरूमा केन्द्रित रहेर अधिवक्ता जगन्नाथ सुवेदीलेले सहजीकरण गरेका थिए । तालिम समापन समारोहमा वडा नम्बर २ का अध्यक्ष बम बहादुर सिङ्तान, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी तथा सहभागीका तर्फबाट सुनिता दोङ र दिपक गोपालीले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको अवसरमा दिपक गोपालीको संयोजकत्वमा १३ सदस्यीय मेलमिलापकर्ताहरूको नगरस्तरीय तदर्थ समिती समेत गठन गरिएको थाहा नगर पालिका न्यायिक सहजकर्ता गोपी कार्कीले जानकारी दिइन । समितिको उपसंयोजकमा सुनिता दोङ र सचिवमा अर्जुन सुनार रहेका छन भने सदस्यहरूमा देवकी तामाङ, राजन ढकाल, लक्ष्मी रायमाझी, मानसिंह दोङ, राम कुमार पुकार, दिपक लामा, मणिकलाल घलान, शान्तीमाया, रामकुमार मोक्तान र रोजिता खत्री रहेका छन ।



स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरूपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ ।

संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगर पालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगर पालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने रहने व्यवस्था छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्ने ।

## खाद्य सुरक्षा, लैङ्गिक हिंसा बालविवाह र व्यवहार परिवर्तन सञ्चार सम्बन्धी अध्ययन तथ्य सार्वजनिक

◆ विकास संवाददाता

ग्रामीण महिला सेवा केन्द्रले मकवानपुर जिल्लाको विभिन्न पालिकाको विभिन्न वडाको ३ सय ९० घरपरिवारमा खाद्य सुरक्षा, लैङ्गिक हिंसा बालविवाह र व्यवहार परिवर्तन सञ्चार सम्बन्धी अध्ययन तथ्य सार्वजनिक कार्यक्रममा गरेको छ ।

अध्ययनमा सहभागी मध्ये अझै पनि ३ दशमलव ६ प्रतिशतले खुला ठाउँमा दिशा गर्ने गरेको पाइएको छ । नेपाल खुला दिशा मुक्त घोषणा भैसक्दा पनि अझै सबै सर्वसाधारणहरूको शौचालय पहुँच नभएको यो अध्ययनले देखाएको छ ।

यसैगरी अध्ययनमा सहभागी मध्ये ५ दशमलव ४ खुल्ला स्थानको पानी पिउने गरेका छन् । कृषि क्षेत्रमा संलग्नहरूलाई सबैभन्दा ठूलो समस्या बीउ मलको समयमा उपलब्धता नभएको पाइएको अध्ययनकर्ता दीप न्यौपानेले बताए । उनीहरू मध्ये १० प्रतिशतलाई मात्रै बर्षदिनसम्म खान पुग्ने ४५ प्रतिशतलाई ३ महिना मात्रै खान पुग्ने अध्ययनको क्रममा पाइएको न्यौपानेले बताए ।

यसैगरी ४४ प्रतिशत महिलाले घरायसी निर्णय प्रकृयामा आफ्नो आंशिक सहभागीता हुने गरेको र ५६ प्रतिशतले पूर्ण सहभागीता हुने गरेको बताए । ३५ प्रतिशत महिला अझै सहकारीको आर्थिक कारोबार गर्नबाट बन्चित देखिएको छ । "सहकारीमा महिलाको पहुँच छ तर अझै धेरै सुधार आवश्यक छ" न्यौपानेले भने । ७१ प्रतिशत परिवारले मासिक औषत २ हजार रूपैयाँ अल्कोहलमा खर्च गर्ने गरेको अध्ययनमा पाइएको थियो । यसैगरी अध्ययनमा सहभागी मध्ये ६१ प्रतिशत पुरूष, १८ महिला र १० महिला पुरूष दुबैको जग्गा स्वामित्व रहेको तथ्याङ्क सार्वजनिक गरिएको थियो । सानै समूहमा गरिएको अध्ययनले पनि एक प्रकारको प्रक्षपण पाइएको भन्दै विश्लेषक डाक्टर राजु क्षेत्रीले स्थानीय तथा प्रदेश सरकारले अभिभावकत्व गर्नु पर्ने बताए । परिवारको आर्थिक निर्णय २१ प्रतिशत महिलाको लिने गरेको अध्ययनले देखाएको क्षेत्रीले बताए । समाजमा बालबिबाहको घटना कस्तो छ भन्ने सवालमा ७८ प्रतिशतले बाल विवाह हुने गरेको जवाफ दिएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ललित घलानले खाद्य सुरक्षा र उत्पादन बजारीकरण प्रभावकारी नहुदा समस्या भएको बताए । तालीम लिने र छोड्ने परम्परा छोडेर तालीम र सिपलाई व्यवसाय र जिविकोपार्जनमा जोड्नु पर्ने घलानाले बताए । स्थानीय तहले यस्ता सवालमा ध्यान दिनुपर्ने घलानले बताए ।

यसैगरी कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले जग्गा बांझो राखेको कारण खाद्य असुरक्षा बढेको बताउँदै परिवारको एक सदस्य वैदेशिक रोजगारमा गएपछि गाउँ छोड्ने गलत परिपाटीको कारण पनि समस्या भएको औल्याए ।

गैसस मकवानपुर अध्यक्ष रमिला सापकोटाले स्थानीय तहहरूले समन्वयकारी भूमिका निर्वाह गर्दै हिंसा न्यूनीकरण, बालमैत्री स्थानीय शासन दीगो कार्यान्वयन गर्नु पर्ने बताइन् । यसैगरी मनहरी ४ का वडा अध्यक्ष प्रकाश थापा वडा अध्यक्षको नेतृत्वले स्थानीय सबै प्रकारको समस्या समाधन हुने बताए । कार्यक्रम ग्रामिण महिला सेवा केन्द्र अध्यक्ष सुलोचना स्याङ्ताको अध्यक्षतामा भएको थियो ।

## सामाजिक अभियानको लागि सञ्जाल परिचालन हुने

◆ विकास संवाददाता

मकवानपुरका विभिन्न १८ वटा गैरसरकारी संस्थाहरूको प्रतिनिधिहरूको भेलाले सामाजिक अभियान सञ्जाल हेटौँडा ४ गठन गरिएको छ । संस्थाहरूको भेलाले अध्यक्ष माया लामा, सचिव जेरोम घले र कोषाध्यक्ष कमला सुवेदी रहनु भएको १५ सदस्यीय सञ्जाल गठन गरेको हो । सञ्जालको संरक्षक ४ नं. वडा अध्यक्ष नवीन सिग्देल, सल्लाहकारमा आरती पाठक, सरस्वती वर्तौला र किरण थापा रहेका छन् ।

अध्यक्ष माया लामाको अध्यक्षता तथा सञ्जालका संरक्षक नवीन सिग्देलको उपस्थितिमा शुक्रबार बसेको प्रथम बैठकले लैङ्गीक हिंसा, लागूऔषत, एचआईभी, सामाजिक मनोविज्ञानको कारण देखिएको समस्या(आत्महत्या), साईबर क्राईमको विरूद्ध अभियान चलाउने र वडामा सरसफाई अभियानलाई प्रमुखता दिईने निर्णय गरेको छ । सञ्जाल गठन गर्नुको उदेश्य समुदायको परिचालनद्वारा समाजमा देखिएका समस्याहरू न्यूनीकरण गर्नुरहेको हेटौँडा ४ नं. वडा अध्यक्ष नवीन सिग्देलले बताए ।

उनले भौतिक विकासले मात्र मानवीय विकास सम्भव नभएकोले सामाजिक विकासको लागि समाजमा देखिएका विभेद, अन्धविश्वास, हिंसा, विकृति विसंगती अन्त्यसंगै शिक्षा, स्वास्थ्य, वातावरण र रोजगारीको सृजनालाई प्राथमिकता दिईने बताए ।




# सार्वजनिक सेवालाई पारदर्शी बनाऔं !

- सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी बनाऔं ।
- सेवाग्राहीले सहज र सरलरुपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
- आधारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं ।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं ।

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी